# प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

सुदूरपश्चिम प्रदेश

२०७५

**<u>प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५</u>**

**<u>प्रस्तावनाः</u>** प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न, नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका जस्ता कानूनी लिखत तयार गर्न आवश्यक भएकोले,

नेपालको संविधानको धारा १९७ वमोजिम सुदूरपश्चियम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कानूनी लिखत" भन्नाले बोर्ड, आयोग, समिति, परिषद् वा यस्तै प्रकृतिका संस्था गठन तथा संचालनका लागि तर्जुमा गरिएको नियमावली , गठन आदेश, कार्यविधि, निर्देशिका समेतका लिखत सम्झनु पर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिलम प्रदेशको प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिशम प्रदेश सम्झनु पर्दछ ।

३. **<u>नियम बनाउने प्रदेश सरकारको अधिकारः</u>** (१) प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सबै प्रशासकीय विषयका कार्यविधि तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियमावली , गठन आदेश , कार्यविधि, निर्देशिका लगायतका कानूनी लिखत बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका कानूनी लिखतहरु कानून सरह लागू हुनेछन ।

४. **<u>बचाउ</u>** : यो ऐन प्रारम्भ हुनु अघि प्रदेश सरकारले जारी गरेका गठन आदेश , नियमावली, कार्यविधि, निर्देशिका लगायतका कानूनी लिखत यसै ऐन बमोजिम जारी भएको मानिने छ ।

सुदूरपश्चिम प्रदेश